**च .विज्ञापन कर -** दिक्तेल नगरपालिकाले आर्थिक वर्ष २०७३/०७४ का लागि कायम गरेको बिज्ञापन कर सम्बन्धि विस्तृत जानकारी

| क्र. सं. | विवरण | ०७३/०७४ को लागि कर |
|---|---|---|
| १ | होर्डिंग बोर्ड, नियोन साइन तथा अन्य ठुला विद्युतीय बोर्डहरु (प्रति वर्ग फिट) | ५०/- |
| २ | ग्लो साइन बोर्ड, डी.पी.एस. बोर्ड आदि (प्रति वर्ग फिट) | ५०/- |
| ३ | भित्ते लेखन (प्रति वर्ग फिट) | २५/- |
| ४ | तुल, ब्यानर (प्रति गोटा) | ३००। |

नोटः

- कुनै पनि प्रकारका विज्ञापन गर्दा न.पा.बाट पुर्व स्वीकृति लिएर मात्र गर्ने पर्नेछ ।
- नेपाल सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न बन्देज गरेका - मादक पदार्थ, सूर्तिजन्य) जस्ता बस्तुहरुको विज्ञापन गर्न पाइने छैन ।
- यातायात सवारीका साधनहरुको विक्री प्रयोजनका लागि हुने विज्ञापनमा २५ प्रतिशत थप गरी लिईने छ ।
- होटल तथा व्यापार व्यवसायको प्रवर्द्धन सम्बन्धी विज्ञापनहरुमा माथि उल्लेखित दररेटमा कर लिईने छ।
- विभिन्न संघ संस्थाहरुबाट हुने सेवामूलक प्रचार प्रसारका सामाग्रीहरुमा उल्लेखित दरमा ५० प्रतिशत छुट दिईने छ ।
- नेपाल सरकारका तर्फाट हुने जनचेतना अभिबृद्धिमुलक सूचना प्रचार प्रसारका सामाग्रीहरुमा विज्ञापन कर लिईने छैन ।
- व्यापार व्यवसाय वा कार्यालय रहेको स्थानको परिचयपाटीको हकमा विज्ञापन कर लिईनेछ ।
- उल्लेखित दररेट र आकार प्रकारका आधारमा विज्ञापनका लागि स्वीकृत दिंदा न्युनतम रु . ५०/- मा नघर्टाई लिईनेछ ।
- स्वीकृत नै नलिई राखिएका विज्ञापन सामाग्री हटाउने र स्वी कृती दिन उपयुक्त ठानिएमा लाग्ने करको शत-प्रतिशत बराबर जरिवाना लिई स्वीकृती दिन सकिनेछ ।
- निजी स्वामित्वको स्थानमा विज्ञापन सामाग्री राख्दा सम्बन्धित सरोकारवालाको सहमति प्राप्त गर्नु पर्नेछ । त्यस्तो ठाउँमा गरिने विज्ञापन करमा ५० प्रतिशतसम्म छुट दिईनेछ ।
- स्वीकृत समयावधि भित्रै अर्को थप समयावधिका लागि नविकरण गर्न आउनेलाई लाग्ने दस्तुरमा २५ प्रतिशतत दिईनेछ ।
- पटके समयावधि भन्नाले बढीमा १ महिनासम्मका लागि स्वीकृत प्राप्त समयावधिलाई मानिनेछ ।
- विज्ञापन गर्नेले स्वीकृत समयावधी समाप्त हुँदा गरिएको विज्ञापन स्वयंले हटाउनु/मेटाउनु पर्नेछ ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा दिक्तेल नगरपालिकाको भवन निर्माण सम्वन्धि विनियम २०७२ अन्तर्गत भवन निर्माणको लागि अनुमति दिदा लिने दस्तुरमा निम्ननानुसार परिमार्जन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| **१.भवन निर्माण कार्यको इजाजत् दस्तुरः**( भवन ऐन २०५५ अनुसार वर्गीकृत घरहरुको आधारमा) | |
| ❖ "क" वर्ग अनुसार निर्माण हुने भवनहरुको प्रति वर्गफिट | ११।- |
| ❖ "ख" वर्ग अनुसार निर्माण हुने भवनहरुको प्रति वर्गफिट | ९।- |
| ❖ "ग" वर्ग अनुसार निर्माण हुने भवनहरुको प्रति वर्गफिट | ६।- |
| ❖ **"घ" वर्ग अनुसार निर्माण हुने घरहरुः** | |
| ➢ वजार क्षेत्र(जनघनत्व वढी भएको क्षेत्र) प्रति वर्गफिट | ५।- |
| ➢ ग्रामीण क्षेत्र वर्गफिट | ३।- |
| **२.भवन निर्माण सम्वन्धी विनियम लागू हुनुअघि निर्माण गरिएका,मापदण्ड पुगेका भवनहरुको यथास्थिति नक्सा प्रमाणित गर्नुपर्दा-** | |
| ( भवन ऐन २०५५ अनुसार वर्गीकृत घरहरुको आधारमा) | |
| ❖ "क" वर्ग अनुसार निर्माण भएका भवनहरुको प्रति वर्गफिट | ११।- |
| ❖ "ख" वर्ग अनुसार निर्माण भएका भवनहरुको प्रति वर्गफिट | ९।- |
| ❖ "ग" वर्ग अनुसार निर्माण भएका भवनहरुको प्रति वर्गफिट | ६।- |
| ❖ "घ" वर्ग अनुसार निर्माण भएका घरहरुः | |
| ➢ वजार क्षेत्र प्रति वर्गफिट | ५।- |
| ➢ ग्रामीण क्षेत्र प्रति वर्गफिट | ३।- |
| **३.विनियम लागु हुनुअघि निर्माण भईसकेका भवनहरुको अभिलेख प्रयोजनको लागि लिईने दस्तुरः** | |
| ( भवन ऐन २०५५ अनुसार वर्गीकृत घरहरुको आधारमा) | |
| ❖ "क" वर्ग अनुसार निर्माण भएका भवनहरुको प्रति वर्गफिट | ७।- |
| ❖ "ख" वर्ग अनुसार निर्माण भएका भवनहरुको प्रति वर्गफिट | ६।- |
| ❖ "ग" वर्ग अनुसार निर्माण भएका भवनहरुको प्रति वर्गफिट | ५।- |
| ❖ "घ" वर्ग अनुसार निर्माण भएका घरहरुः | |
| ➢ वजार क्षेत्र (प्रति वर्गफिट | ४।- |
| ➢ ग्रामीण क्षेत्र (प्रति वर्गफिट | ३।- |
| **४ ) नक्शा पास सम्वन्धी किताव खरिद दस्तुर प्रति गोटा** | |
| ❖ "क" वर्ग अनुसार निर्माण हुने भवनहरुको प्रति गोटा | १०००।- |
| ❖ "ख" वर्ग अनुसार निर्माण हुने भवनहरुको प्रति गोटा | १०००।- |
| ❖ "ग" वर्ग अनुसार निर्माण हुने भवनहरुको प्रति गोटा | १०००।- |
| **५ ) सम्पन्न प्रमाण पत्र दस्तुर (क, ख,ग वर्गको लागि)** | **१०००।-** |
| **६) सम्पन्न प्रमाण पत्र दस्तुर (घ वर्गको लागि)** | **५००।-** |